Australian Government
Department of Health, Disability and Ageing



# वृद्ध हेरचाहमा पंजीकृत सहयोगीहरू

पंजीकृत सहयोगीहरू राख्नु तपाईंको लागि उपयुक्त छ कि छैन भनेर निर्णय गर्न मद्दत गर्ने जानकारी।

## पंजीकृत सहयोगीहरूको भूमिका

सबैलाई आफ्नो जीवनको बारेमा निर्णय गर्ने अधिकार छ।

केही वृद्ध व्यक्तिहरूलाई आफ्नो वृद्ध हेरचाहको बारेमा आफ्ना निर्णयहरू गर्न सहयोग चाहिन सक्छ वा आवश्यक पर्न सक्छ। यदि तपाईं चाहनुहुन्छ भने, तपाईंले यी निर्णयहरू गर्न र सञ्चार गर्न मद्दत गर्न तपाईंले विश्वास गर्ने व्यक्ति छान्न सक्नुहुन्छ। यी व्यक्तिहरूलाई 'registered supporters [पंजीकृत सहयोगीहरू]' भनिन्छ।

पंजीकृत सहयोगीहरूको भूमिका नयाँ Aged Care Act [वृद्ध हेरचाह ऐन] मा भएका परिवर्तनहरू मध्ये एक हो जुन निर्णय गर्ने तपाईंको अधिकारलाई बढावा दिन र तपाईंलाई आफ्नो जीवनको नियन्त्रणमा रहन मद्दत गर्न तयार गरिएको हो। पंजीकृत सहयोगीहरूको भूमिकाको बारेमा थप जान्न www.myagedcare.gov.au/registering-supporter हेर्नुहोस्।

## पंजीकृत सहयोगी को हुन सक्छ?

एक पंजीकृत सहयोगी तपाईंले विश्वास गर्ने जो कोही पनि हुन सक्छ, जस्तै मन मिल्ने साथी वा परिवारको सदस्य। तपाईंको एकजना भन्दा बढी पंजीकृत सहयोगीहरू हुन सक्छन्।

सबै वृद्ध व्यक्तिले पंजीकृत सहयोगी चाहन्छन् वा आवश्यक हुन्छ भन्ने छैन। तपाईंले कहिल्यै पनि पंजीकृत सहयोगी दर्ता गर्न दबाब महसुस गर्नु हुँदैन। तपाईंको जीवनका अन्य महत्त्वपूर्ण व्यक्तिहरूले पंजीकृत सहयोगी नभईकन तपाईंलाई सहयोग गर्न जारी राख्न सक्छन्।

### पंजीकृत सहयोगीले के गर्छ?

पंजीकृत सहयोगीहरूले तपाईंलाई तपाईंको वृद्ध हेरचाहको बारेमा आफ्नै निर्णयहरू गर्न र सञ्चार गर्न मद्दत गर्न सक्छन्। यसमा निम्न कुराहरू समावेश हुन सक्छन्:

- तपाईंको दैनिक वृद्ध हेरचाह निर्णयहरूलाई सहयोग गर्ने, र
- तपाईंलाई My Aged Care, मूल्याङ्कनकर्ताहरू र वृद्ध हेरचाह प्रदायकहरू जस्ता व्यक्तिहरूसँग जानकारी पहुँच गर्न, बुझ्न र सञ्चार गर्न मद्दत गर्ने।

**पंजीकृत सहयोगी राख्नाले तपाईंलाई जानकारी प्राप्त गर्न, निर्णय लिन, वा तपाईंको वृद्ध हेरचाह प्रदायक, My Aged Care र मूल्याङ्कनकर्ताहरू सहित अरूसँग सीधा कुराकानी गर्नबाट रोक्दैन। तपाईं अनुरोध गर्न, जानकारी प्राप्त गर्न र सञ्चार गर्न र निर्णय गर्न जारी राख्न सक्नुहुन्छ।**

## पंजीकृत सहयोगीहरूका लागि नियमहरू

पंजीकृत सहयोगीहरूको Aged Care Act अन्तर्गतका कर्तव्यहरू छन् जुन उनीहरूले पालना गर्नुपर्छ। यी कर्तव्यहरूले तपाईंको सुरक्षा, अधिकार, इच्छा र प्राथमिकताहरूलाई बढावा दिन मद्दत गर्दछन्।

पंजीकृत सहयोगीहरू बन्नाले सो व्यक्तिलाई तपाईंको लागि निर्णय गर्ने शक्ति दिँदैन। पंजीकृत सहयोगीहरूको रूपमा, तिनीहरूले तपाईंको आफ्नै निर्णयहरूको सम्मान गर्नुपर्छ, यदि तिनीहरू यसमा सहमत छैनन् भने पनि।

## सहयोगी कसरी दर्ता गर्ने?

तपाईंले एक विश्वसनीय व्यक्तिलाई तपाईंको पंजीकृत सहयोगी बन्नको लागि निम्न तरिकाले अनुरोध गर्न सक्नुहुन्छ:

- My Aged Care लाई सम्पर्क गरेर
- तपाईंको मूल्याङ्कन प्रक्रियाको क्रममा, वृद्ध हेरचाह मूल्याङ्कनकर्तासँग सहित
- Services Australia मार्फत Aged Care Specialist Officer [वृद्ध हेरचाह विशेषज्ञ अधिकारी] सँग आमनेसामने
- दर्ता फारम पूरा गरेर

- तपाईंको My Aged Care अनलाइन खाता मार्फत, यदि तपाईंसँग छ भने।

तपाईंको प्रस्तावित सहयोगीले पनि यो अनुरोध गर्न सक्छन् ।

## सहयोगी सम्बन्ध अन्त्य गर्ने

तपाईंले My Aged Care मा सम्पर्क गरेर कुनै पनि समयमा पंजीकृत सहयोगीसँगको सम्बन्ध समाप्त गर्न अनुरोध गर्न सक्नुहुन्छ। यदि तपाईंको पंजीकृत सहयोगीको बारेमा तपाईंसँग कुनै चिन्ता वा गुनासोहरू छन् भने तपाईंले My Aged Care लाई पनि भन्न सक्नुहुन्छ।

www.myagedcare.gov.au/registering-supporter मा थप पढ्नुहोस्।

**नियुक्त निर्णयकर्ताहरू**

राष्ट्रमण्डल, राज्य वा प्रान्त व्यवस्था अन्तर्गत:

- तपाईंले आफूले चिन्ने र विश्वास गर्ने कसैलाई, वा विशेषज्ञ संगठनलाई, तपाईंको लागि निर्णय गर्ने शक्ति दिन रोज्न सक्नुहुन्छ
- यदि तपाईंले आफ्नो तर्फबाट निर्णय गर्न कसैलाई नियुक्त गर्नुभएको छैन र तपाईंले आफ्नै निर्णय गर्ने क्षमता गुमाउनुभएको छ भने, तपाईंको लागि अरू कसैलाई नियुक्त गर्न सकिन्छ।

अष्ट्रेलियाभरि यी व्यवस्थाहरूका लागि विभिन्न कानून र नामहरू छन्। My Aged Care मा, यी मानिसहरूलाई **appointed decision makers [नियुक्त निर्णयकर्ता]** को रूपमा चिनिन्छ। तिनीहरूले आफ्नो सक्रिय, कानूनी अधिकार अनुरूप मात्र तपाईंको तर्फबाट निर्णयहरू गर्न सक्छन्। नियुक्त निर्णयकर्ता एक पंजीकृत सहयोगी पनि हुन सक्छ।

www.myagedcare.gov.au/registering-supporter/appointed-decision-makers मा हेर्नुहोस्।

कृपया ध्यान दिनुहोस् कि My Aged Care ले कसैलाई तपाईंको लागि निर्णयहरू गर्ने शक्ति दिन सक्दैन। यसले नियुक्त निर्णयकर्ताको शक्तिहरू परिवर्तन गर्न वा हटाउन पनि सक्दैन।

# अन्य सहायताहरू

## Care Finder

Care finders [हेरचाह खोजकर्ताहरू] वृद्ध हेरचाह सेवाहरूमा पहुँच गर्न थप सहायता आवश्यक पर्ने कमजोर वृद्ध मानिसहरूका लागि निःशुल्क सेवा हो। www.MyAgedCare.gov.au/help-care-finder मा हेर्नुहोस्।

## OPAN

नि:शुल्क, गोप्य र स्वतन्त्र जानकारी र सहायताको लागि तपाईंले Older Persons Advocacy Network (OPAN) Aged Care Advocacy Line [वृद्ध हेरचाह वकालत लाइन] – 1800 700 600 मा फोन गर्न सक्नुहुन्छ वा www.opan.org.au मा हेर्नुहोस्।

### अष्ट्रेलियाको वृद्ध हेरचाह प्रणालीमा सुधार गर्ने

अष्ट्रेलियाली सरकारले वृद्ध हेरचाह सुधार गर्न प्रमुख परिवर्तनहरू गरेको छ।

**Health.gov.au/aged-care-reforms** मा हेर्नुहोस्।

फोन गर्नुहोस् **1800 200 422** (My Aged Care को निःशुल्क फोन लाइन, सोमबार-शुक्रबार बिहान 8 बजेदेखि साँझ 8 बजेसम्म र शनिबार-आईतबार बिहान 10 बजेदेखि दिउँसो 2 बजेसम्म)

अनुवाद र दोभाषे सेवाहरूका लागि, 131 450 मा फोन गर्नुहोस् र 1800 318 209 को लागि सोध्नुहोस्।

National Relay Service प्रयोग गर्न, आफूलाई उपयुक्त हुने पहुँचयुक्त विधि छान्न nrschat.nrscall.gov.au/nrs वेबसाइटमा हेर्नुहोस् वा NRS Helpdesk लाई 1800 555 660 मा फोन गर्नुहोस्।